# माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरु, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुका लागि पुनर्स्थापन एवं हेरचाह निर्देशिका, २०६८

माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन एवं पुनर्स्थापना सम्बन्धी विशेष समितिले माओवादी सेनाका लडाकुहरुको समायोजना, पुनर्स्थापन एवं स्वैच्छिक अवकासशको सिलसिलामा माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरु लगायत अन्य घाईते अपाङ्गहरुका लागि विशेष राहत कार्यक्रमको संचालन गर्न समय समयमा मन्त्रालयलाई दिएको सुझावलाई दृष्टिगत गरी माओवादी सेनाका घाईते अपाङ्ग लडाकुहरु एवं ऐतिहासिक जनआन्दोलन, सशस्त्र द्वन्द्वकाल र मधेश आनदोलनका घाइते अपाङ्गहरु समेतका लागि विशेष कार्यक्रम संचालन गर्नु पर्ने भएकोले नेपाल सरकारले यो निर्देशिका वनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको **नाम माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरु, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुका लागि पुनर्स्थापन एवं हेरचाह निर्देशिका, २०६८** रहेको छ ।
(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,
(क) **"कार्यदल"** भन्नाले नेपाल सरकारको मिति २०६८ साल मंसिर ६ गतेको निर्णयबाट गठित "माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरुको तथ्याङ्क संकलन, वर्गिकरण एवं पुनर्स्थापन सम्बन्धी कार्यदल", नेपाल सरकारको मिति २०६३ साल जेष्ठ १९ गतेको निर्णयबाट गठित "जन आन्दोलनका घाइतेको उपचार, निर्देशन तथा व्यवस्थापन समिति" र मिति २०६४ साल जेष्ठ २७ गतेको निर्णबाट गठित "द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल समेत" समेत सम्झनु पर्दछ ।
(ख) **"पुनर्स्थापन केन्द्र"** भन्नाले घाइते अपाङ्गहरुलाई शारीरिकरुपले सक्षम बनाई समाजमा पुनर्स्थापित हुन सक्ने किसिमको व्यवस्था गरी उपभार गर्ने संस्था वा निकाय सम्झनु पर्छ ।
(ग) **"हेरचाह केन्द्र"** भन्नाले घाइते अपाङ्गको वर्गीकरणमा पूर्ण अशक्त वर्गमा परेका र दैनिक व्यवहारमा पनि अरु व्यक्तिहरुको सहारा आवश्यक पर्ने घाइते अपाङ्गहरुका लागि खान, वस्न, स्वास्थ्य उपचार जस्ता सेवा उपलब्ध गराउने गरी मन्त्रालयले स्थापना गर्ने केन्द्र सम्झनु पर्दछ ।
(घ) **"सशस्त्र द्वन्द्व"** भन्नाले सम्वत् २०५२ साल फागुन १ गते देखि सम्वत् २०६३ साल मंसिर ५ गते सम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्दछ ।
(ङ) **"माओवादी सेनाका घईते अपाङ्ग लडाकुहरु"** भन्नाले माओवादी सेनाका लडाकुहरु रहेका अस्थायी शिविरहरुमा विशेष समितिबाट प्रमाणिकरण भएका घाईते अपाङ्ग लडाकुहरु सम्झनु पर्दछ ।
(च) **"घाईते अपाङ्गहरु"** भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्दछ ।
(छ) **"मन्त्रालय"** भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्दछ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

३. **घाइते अपाङ्गताको वर्गीकरण** : कार्यदलहरुले पेश गरेको प्रतिवेदनमा उल्लेख भएको घाइते अपाङ्गताको देहायबमोजिमको वर्गीकरणलाई घाइते अपाङ्गताको वर्गीकरणको आधार मनिनेछ :

(क) **विशिष्ट अवस्थाका घाइते अपाङ्गहरु :** अरुको सहारा विना जीवनयापन गर्न असमर्थ घाइते अपाङ्गहरु वा कार्यदलहरुको प्रतिवेदनमा ७६ प्रतिशत देखि १०० प्रतिशतसम्म वर्गीकृत अपाङ्गता भएका व्यक्तिहरु ।

(ख) **प्रथम श्रेणीका घाइते अपाङ्गहरु :** जीवनयापनका सामान्य क्रियाकलापहरु जस्तै उठवस, खानपीन, दिशापिसाब लगायतका कार्यहरु गर्न सक्ने तर अन्य कार्यहरु गर्न नसक्ने घाइते अपाङ्गहरु वा कार्यदलहरुको प्रतिवेदनमा ५१ प्रतिशत भन्दा माथि ७५ प्रतिशतसम्म वर्गीकृत अपाङ्गता भएका व्यक्तिहरु ।

(ग) **दोश्रो श्रेणीका घाइते अपाङ्गहरु :** कुनै शारीरिक अंग गुमाएका तर सामान्य क्रियाकलापहरु गर्न सक्ने घाइते अपाङ्गहरु वा कार्यदलहरुको प्रतिवेदनमा २६ प्रतिशत भन्दा माथि ५० प्रतिशतसम्म वर्गीकृत अपाङ्गता भएका व्यक्तिहरु ।

(घ) **तेश्रो श्रेणीका घाइते अपाङ्गहरु :** बम, गोली छर्रा लागि घाईते भएका व्यक्तिहरु वा कार्यदलहरुको प्रतिवेदनमा २५ प्रतिशतसम्म वर्गीकृत अपाङ्गता भएका व्यक्तिहरु ।

४. **पुनर्स्थापन केन्द्रको स्थापना र संचालन** : माथि दफा ३ को खण्ड (क) वर्गीकरणमा परेका घाइते अपाङ्ग भएका व्यक्तिहरुको पुनर्स्थापन गर्नको लागि आवश्यकतानुसार मन्त्रालयले पुनर्स्थापन केन्द्रको स्थापना गरी उपचार समेतको व्यवस्थागर्ने छ । त्यस्ता घाइते अपाङ्गहरुले सो केन्द्रको सेवा सुविधा निःशुल्क प्राप्त गर्नेछन् ।

५. **हेरचाह केन्द्रको स्थापना र संचालन** : (१) दफा ३ मा उल्लिखित विशिष्ट अवस्थाका घाइते अपाङ्गहरुको वर्गमा परी हेरचाह केन्द्रमा बस्न इच्छा गरेका व्यक्तिहरुको लागि मात्र खान, बस्न, स्वास्थ्य उपचार जस्ता सेवा उपलब्ध गराउन आवश्यकता अनुसारको संख्यामा मन्त्रालयले हेरचाह केन्द्रको स्थापना गर्ने छ । त्यस्ता घाइते अपाङ्गहरुले सो केन्द्रको सेवा सुविधा निःशुल्क प्राप्त गर्ने छन् ।

(२) उपदफा (१) को प्रयोजनार्थ हालका लागि एउटा कार्यालय सहितको हेरचाह केन्द्रको स्थापना गरिने छ । केन्द्रको रेखदेख, व्यवस्थापन र सन्चालनको लागि एक कार्यालय रहनेछ । त्यस्तो कार्यालयलाई "हेरचाह केन्द्र संचालन कार्यालय" भनिनेछ ।

(३) मन्त्रालयले हेचाह केन्द्र संचालनका लागि कार्यालय स्थापना गर्दा लाग्ने आवश्यक बजेट, भौतिक सुविधा, कर्मचारीहरु समेत व्यवस्था गरी कार्यालय संचालन गर्नेछ । उक्त केन्द्र तत्काल संचालन गर्न कार्यालयको लागि आवश्यक पर्ने कर्मचारीहरु मध्ये नेपाल निजामती सेवाका राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृतस्तरको कार्यालय प्रमुख, राजपत्र अनङ्कित प्रथम श्रेणीको लेखापाल कर्मचारी रहने छन् । सार्थ केन्द्रको कामकारवाही सुचारु गर्न हालको लागि देहायका पदहरु करारबाट पदपूर्ति गरिनेछ ।

(क) परिचारिका, राजपत्र अनङ्कित प्रथम श्रेणीस्तरको एक जना

(ख) भान्से, सुसारे (महिला/पुरुष) कार्यालय सहयोगी स्तरको दश जना

(ग) कार्यालय सहयोगी एकजना

(४) हेरचाह केन्द्रको सरसफाइ सम्बन्धी काम वाह्य संघ, संस्था, व्यक्तिबाट (outsourcing) गराइने छ ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(५) हेरचाह केन्द्रमा बस्ने अपाङ्गता भएका व्यक्तिहरुका लागि रासनको व्यवस्था हेरचाह केन्द्र रहेको जिल्लामा नेपाल प्रहरीका कर्मचारीहरुका लगि जुन दरमा रासन ठेक्का वन्दोवस्त गरेको हुन्छ, सोही दरले रासनको व्यवस्था गराइनेछ । रासनको गुणस्तर र मात्रा पनि सोही प्रहरी कर्मचारीको सरह हुनेछ ।

(६) मौसम अनुसारको लगाउने लुगा, ओढ्ने ओछ्याउने कपडाको हकमा नेपाल प्रहरीका कर्मचारीलाई उपलब्ध गराईएको सुविधा सरह उपलब्ध गराइनेछ ।

(७) हेरचाह केन्द्रका कार्यालय प्रमुखको संयोजकत्वमा हेरचाह केन्द्रको दैनिक काम कारवाई संचालनमा सहयोग पुऱ्याउन देहाय वमोजिम एक कार्यालय संचालन सहयोग समितिको गठन गरिनेछ ।

(क) हेरचाह केन्द्र संचालन कार्यालयका प्रमुख - संयोजक

(ख) हेरचाह केन्द्रमा वसेका घाइते अपाङ्गहरु मध्येबाट निजहरुले छानेका दुई जना महिला सहितका चार जना अपाङ्ग व्यक्तिहरु - सदस्य

**६. जीवन निर्वाह भत्ता :** (१) दफा ३ को खण्ड (क) वर्गीकरणमा परेका घाइते अपाङ्गहरु मध्ये हेरचाह केन्द्रमा बस्न नचाहनेहरुको लागि घाइते अपाङ्गहरुको हेरचाह गर्ने व्यक्तिको खर्च वापत प्रति महिना छ हजार दुई सय र त्यस्ता हेरचाह केन्द्रमा बस्न नचाहने अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन निर्वाहका लागि प्रति महिना छ हजार दुई सय रुपैंयाका दरले जीवन निर्वाह भत्ता प्रदान गरिनेछ ।

(२) दफा ३ खण्ड (ख) वर्गीकरणमा परेका घाइते अपाङ्गहरुका लागि प्रति महिना छ हजार दुई सय रुपैंयाका दरले जीवन निर्वाह भत्ता प्रदान गरिनेछ ।

(३) त्यस्तो जीवन निर्वाह भत्ता सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय मार्फत् उपलब्ध गराइने छ ।

**७. स्वास्थ्य उपचारको व्यवस्था :** (१) दफा ३ को खण्ड (क) र (ख) वर्गीकरणमा परेका घाइते अपाङ्गहरुले नेपालका सरकारी तथा सामुदायिक अस्पतालमा उपलब्ध हुने सम्पूर्ण स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने छन् ।

(२) दफा ३ को खण्ड (ग) र (घ) वर्गीकरणमा परेका घाइते अपाङ्गहरुले नेपालका सरकारी तथा सामुदायिक अस्पतालमा उपलब्ध हुने औषधि, शल्यक्रिया तथा यन्त्र उपकरण किन्न लाग्ने खर्च बाहेकका अन्य सेवाहरु निःशुल्क प्राप्त गर्ने छन् ।

(३) माथि उल्लिखित सेवा सुविधा उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

**८. शिक्षा सम्वन्धी व्यवस्था :** (१) दफा ३ को खण्ड (क) र (ख) वर्गीकरणमा परेका घाइते अपाङ्गहरुले अध्ययनको सन्दर्भमा स्वदेशभित्र सरकारी शिक्षण संस्थामा अध्ययन गर्दा संस्थालाई तिर्नु पर्ने मासिक शुल्क निजहरुको कक्षा वा तह उत्तिर्ण भएको आधारमा नेपाल सरकारले उपलब्ध गराउनेछ । यस्तो सुविधा निजहरुको उमेर पच्चिस वर्ष उमेर पुरा नभएसम्म प्राप्त गर्ने छन् ।

(२) दफा ३ को खण्ड (क) र (ख) वर्गीकरणमा परेका घाइते अपाङ्गहरुका सन्ततिहरुलाई "नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८" मा व्यवस्था भएको मृतकका सन्तानहरुलाई उपलब्ध गराइने छात्रवृत्ति सरहको सुविधा प्रदान गरिनेछ ।

(३) शिक्षा सम्बन्धी उल्लिखित व्यवस्था दोहोरो नपर्ने गरी शिक्षा मन्त्रालयले मिलाउनेछ ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

९. **सीपमूलक तालिम :** (१) घाइते अपाङ्गहरुको लागि उनीहरुको योग्यता र क्षमता अनुसारको सीपमूलक तालिम लिन पाउने व्यवस्था मन्त्रालयले मिलाउने छ । यस्तो सीपमूलक तालिम कार्यक्रमको अवधि बढीमा छ महिनासम्मको हुनेछ ।

(२) यस दफा बमोजिमको सीपमूलक तालिम **"सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७"** बमोजिम संचालन हुनेछ ।

१०. **केन्द्रिय समिति :** (१) कार्यक्रम संचालनको क्रममा आइपर्ने विभिन्न नीतिगत र अन्य समस्याहरुको समाधान गर्न, आवश्यक स्रोतको व्यवस्था गर्न, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवं गैर-सरकारी निकायहरुको सहयोग जुटाउन तथा कार्यक्रमको समन्वय समेत गर्नको लागि देहाय वमोजिमको एक केन्द्रीय समिति रहनेछ ।

| | |
|---|---|
| क. मन्त्री, शान्ति तथा पुनर्निर्माण | - संयोजक |
| ख. सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | - सदस्य |
| ग. सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| घ. सचिव, गृह मन्त्रालय | - सदस्य |
| ङ. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| च. घाइते अपाङ्गहरु मध्येबाट मन्त्रालयले तोकेको एक जना महिला सहित दुई जना व्यक्तिहरु | - सदस्य |
| छ. सह-सचिव, शान्ति तथा पुनर्निर्माण मन्तालय | - सदस्य सचिव |

(२) केन्द्रीय समितिको बैठकमा आवश्यकता अनुसार अन्य निकायबाट प्रतिनिधिहरु आमन्त्रण गर्न सकिनेछ ।

(३) केन्द्रीय समितिले बैठक बस्ने समय, स्थान र बैठक संचालन कार्य प्रक्रिया आदि आफै निर्धारण गर्नेछ ।

११. **निर्देशिका वमोजिम हुने :** यस निर्देशिकामा लेखिएका विषयहरुको हकमा यसै निर्देशिका बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com